# बरेङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हुग्दिशिर, बागलुङ
## गण्डकी प्रदेश, नेपाल


पत्र संख्या : २०८२/०८३ मिति:२०८२/०५/०२

चलानी नं. : ९८ ने.सं. : ११४५,गुंलागा, सोमबार

श्री शाखा प्रमुखज्यूहरु,(सबै)

श्री वडा कार्यालयहरु(सबै)

बरेङ गाउँपालिका, बागलुङ।

विषयः निर्णय पठाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा बरेङ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०४।२९ गतेको बैठकबाट भएका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ।

..............................

(खड्ग वि.क.)

प्रमुख प्रशासकीय अधिकृत

आ.व २०८२।०८३ को प्रथम एवं समग्रमा १०१ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०४।२९ का निर्णयहरु

**निर्णय नं १,**

आर्थिक वर्ष २०८१।०८२ मा प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षस्तरबाट भएका सम्पुर्ण निर्णय अनुमोदन गर्ने।

**निर्णय नं २,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष २०८२।०८३ को लागि गाउँपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट सम्बन्धमा दर (रेट) निर्धारण समिति बागलुङद्वारा आ.व २०८२।०८३ का लागि निर्धारित जिल्ला दर (रेट) लाई स्थानीय दर (रेट) का रुपमा स्वीकृत गरी लागू गर्ने ।

**निर्णय नं ३,**

प्रमुख प्रशासकीय अधिकृतबाट पेस भएको आ.व. २०८१।०८२ को प्रगति प्रतिवेदन अनुमोदन गर्ने।

**निर्णय नं ४,**

आर्थिक वर्ष २०८२।०८३ का लागि तपसिल बमोजिम गाउँपालिका स्तरीय, वडास्तरीय तथा शाखागत योजना तथा कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गर्ने ।

तपसिलः

**आ.व २०८२।०८३ का लागि योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका**

| क्र.सं | क्रियाकलाप | कार्यान्वयन अवधि | जिम्मेवार निकाय\व्यक्ति | कैफियत |
|---|---|---|---|---|
| १ | योजना कार्यान्वयन विधि निर्धारण गर्ने | भाद्र १५ गते भित्र | वडा समिति र गाउँ कार्यपालिका | |
| २ | उपभोक्ता समिति गठन | भाद्र मसान्तभित्र | वडा समिति तथा योजना शाखा र प्राविधिक | |
| २ | उपभोक्ता समिति | असौज मसान्तभित्र | योजना शाखा, प्राविधिक\लेखा | |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को प्रथम एवं समग्रमा १०१ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०४।२९ का निर्णयहरु

| | अभिमूखीकरण | | शाखा | |
|---|---|---|---|---|
| ३ | योजना सर्वे तथा नापजाँच र सम्झौता | कार्तिक मसान्तभित्र | प्राविधिक शाखा/ योजना शाखा/ प्र.प्र.अ. | |
| ४ | योजना कार्यान्वयन | चैत्र मसान्तभित्र | वडा समिति/ गाउँ कार्यपालिका कार्यालय, आर्थिक प्रशासन शाखा र सम्बन्धित उ.भो.स | |
| ६ | योजना अनुगमन तथा मूल्याङ्कन | योजना सञ्चालन अवधिभर | वडा तथा गाउँपालिका अनुगमन समिति | |
| ७ | योजना फरफारक र भुक्तानी | वैशाख मसान्त भित्र | योजना \प्राविधिक\लेखा शाखा\ गाउँ कार्यपालिका | |
| ८ | विषयगत शाखाका कार्यक्रमहरु | सम्बन्धित शाखाबाट पेश भए बमोजिम | विषयगत समिति, शाखा प्रमुख र सम्बन्धित कर्मचारी | प्र.प्र.अ ले स्वीकृत गर्ने |
| ९ | टेण्डर मार्फत सञ्चालन गरिने योजनाहरुको सम्बन्धमा भाद्र मसान्त भित्र ठेक्का सूचना प्रकाशन गरी कार्तिक पहिलो हसा भित्र सबै टेण्डर प्रक्रिया सकाई कार्यान्वयन प्रक्रिया शुरु गर्ने । | | | |

**निर्णय नं ४,**

वडा नं. ३ नयाँबजारमा प्रभु बैंकको सेवा केन्द्र स्थापनाका लागि प्रभु बैंकलाई अनुरोध गर्ने।

**निर्णय नं ५,**

कार्यालयको एक मात्र सवारी साधनको इन्जिनमा समस्या भई मर्मत गर्नुपर्ने भएकाले योजना अनुगमन, स्थलगत सर्वे तथा कार्यालय कामकाज प्रयोजनार्थ १ वटा डबल क्याब पिक अप गाडि २ महिनाको लागि भाडामा लिने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को प्रथम एवं समग्रमा १०१ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०४।२९ का निर्णयहरु

निर्णय नं ६

स्वास्थ्य शाखाबाट पेश भएका देहायका कार्यविधि तथा मापदण्डहरु स्वीकृत गर्ने ।

क) मृगौला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
ख) प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
ग) अति विपन्न मानसिक रोगीहरुको लागि औषधी राहत मापदण्ड, २०८२
घ) महामारी पूर्वतयारी तथा VPD Surveillance कार्यक्र सञ्चालन मापदण्ड, २०८२
ङ) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको सम्मानजनक विदाई कार्यक्रम सञ्चालन मापदण्ड, २०८२
च) पाठेघर खसेका महिला तथा हाइड्रोसिल भएका पुरुषहरुको अप्रेसन सहयोग मापदण्ड, २०८२

निर्णय नं ७,

वडा कार्यालयबाट वितरण गरिने आर्थिक सहायता बैंकिङ प्रणालीबाट भुक्तानी गर्ने प्रयोजनार्थ सहायता माग निवेदन, आर्थिक सहायता गर्नुपर्ने कारण सहितको वडा कार्यालयको सिफारिस र सम्बन्धित व्यक्तिको बैंक खाता नम्बर सहित निवेदनहरु संकलन गरी वडा कार्यालयले गाउँपालिकामा पेश गर्ने।

निर्णय नं ८,

सल्यान सुखौरा माध्यमिक विद्यालयबाट १ वटा बालशिक्षकको दरवन्दी कट्टा गरी सर्वोदय मा.वि. बरेङ २ मा थप गर्ने।

निर्णय नं ९,

मिति २०८१।०३।१७ गतेको गाउँ कार्यपालिकाको निर्णयानुसार स्वीकृत गरिएको मजुवा ठूलो खोला, हुग्दिखोला, खाल्लेखोला प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा आ.व २०८२।०८३ का लागि ठेक्का आव्हान गर्ने ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को प्रथम एवं समग्रमा १०१ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०४।२९ का निर्णयहरु

हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं १०,**

सबै शाखा प्रमुख र वडा सचिवहरुले आ.व. २०८१।०८२ को प्रगति प्रतिवेदन पेस गर्ने र छलफल गर्ने गरी आर्थिक वर्ष २०८१।०८२ को वार्षिक समीक्षा कार्यक्रम मिति २०८२।०५।०४ गते दिउँसो १ बजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने।

**निर्णय नं ११,**

मिति २०८२।०५।०४ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा दिगो बालश्रम पुनःस्थापना सम्बन्धी अन्तर्क्रिया कार्यक्रम गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने।

**निर्णय नं १२,**

बर्षातको समयमा अवरुद्ध भएका मुख्य सडकहरु तुरुन्तै छोटो समयको लागि मेसिन प्रयोग गरेर अवरोध हटाउन सकिने अवस्था भएमा प्राविधिक कर्मचारीलाई जानकारी गराई वडा अध्यक्षले सहजीकरण गरी खुलाउने र मेसिन प्रयोगको मिटर रिडिङ तथा मर्मत पूर्व र पश्चातको सडकको अवस्थाको फोटो सुरक्षित राख्ने। चाडपर्वलाई मध्यनजर गरी पुरै सडक सरसफाई सम्बन्धी कार्य गर्नु परेमा प्राविधिकको लागत स्टिमेट अनुसार प्रतिष्पर्धात्मक विधिबाट सरसफाई सम्बन्धी कार्य गर्ने।

**निर्णय नं १३,**

आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिमको आवासीय विद्यालय छनोट समितिले सिफारिस गरेका विद्यार्थीहरुलाई आवसीय विद्यालयमा बस्नका लागि स्वीकृत गर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष